# राष्ट्रिय मानव अधिकार आयोग
**National Human Rights Commission**
केन्द्रिय कार्यालय, Central Office
हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


प.सं.
च. नं.

## प्रेस नोट

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७० साउन १ गते

## विधिसम्मत रूपमा सडक विस्तार गर्नुपर्छ : अध्यक्ष

सरकारले अरनिको लोकमार्गको दायाँ तथा बायाँ ३१-३१ मिटर गरी ६२ मिटर जग्गा मुआब्जाविना जवरजस्ती अधिग्रहण गर्न लागेकोले आफूहरू मर्कामा परेको भन्दै सिन्धुपाल्चोक, काभ्रे र भक्तपुरका बासिन्दाहरूको एक प्रतिनिधि मण्डलले राष्ट्रिय मानव अधिकार आयोगमा ज्ञापनपत्र बुझाएको छ ।

ज्ञापनपत्र बुझ्दै आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले नागरिकको कानुनसम्मत मागहरूप्रति आयोगको समर्थन रहेको बताउनुभयो । अध्यक्ष उपाध्यायले भन्नुभयो, 'सरकारले विधिसम्मत रूपमा सडक विस्तार गर्नुपर्छ ।'

उहाँले यस विषयमा सरोकारवाला निकायहरूसँग सोधपुछ गरी समस्या समाधानको दिशामा आयोगले सहयोग गर्ने जानकारी पनि दिनुभयो ।

सो अवसरमा बोल्दै आयोगका सदस्य रामनगिना सिंहले कानुनसम्मत र प्रक्रियासम्मत ढङ्गमा आफ्ना मागहरू सरकारसामु पेश गर्न प्रतिनिधि मण्डलका सदस्यहरूलाई आग्रह गर्नुभयो ।

आयोगका अर्का सदस्य गौरी प्रधानले समस्या समाधानका लागि क्षतिपूर्ति र अन्य वैधानिक विकल्पबारे सोंच्नु श्रेयस्कर हुने धारणा अघि सार्नुभयो ।

उहाँले प्रतिनिधि मण्डलको सरोकारवारे सम्वन्धित पक्षलाई बोलाएर छलफल गरिने बताउनुभयो ।

प्रतिनिधि मण्डलका सदस्यहरूले आफूहरूले वैधानिक रूपमा भोगचलन गरेको जग्गा मुआब्जाविना सडक विस्तार गर्दा ३ हजार ५ सय घर भत्कने तथा करिब ३५ हजार नागरिकको विचल्ली हुने जानकारी दिनुभयो ।

वेदप्रसाद भट्टराई
कामु सचिव


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org